आज मिति २०७६ साल पौष २२ गते मंगलवारका दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | उपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | अनुपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | अनुपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| वरिष्ठ आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| इन्जिनियर | श्री रविन्द्रलाल मुल | उपस्थित |
| जनस्वास्थ्य अधिकृत | श्री प्रमोद सोती | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| वरिष्ठ अधिकृत | श्री राजेन्द्र कार्की | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: नगर सभाको तयारी सम्बन्धमा ।
प्रस्ताव नं.२: प्रगति समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.३: पशुपालन एवं कृषि व्यवसाय अनुगमन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.४: घर वहाल करको लगत संकलन तथा असुली सम्बन्धमा ।
प्रस्ताव नं.५: चुन उद्योगको अनुगमन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.६: प्राकृतिक स्रोत साधन उत्खनन् सम्बन्धी अनुगमन प्रतिवेदन सम्बन्धमा ।
प्रस्ताव नं.७: औषधी खरिद सम्बन्धी दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.८: कर असुली बैकिङ्ग प्रणाली सम्बन्धमा ।
प्रस्ताव नं.९: वारुणयन्त्र सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.१०: प्रधान अध्यापक नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.११: विद्यार्थी खाजा रकम निकासा सम्बन्धमा ।
प्रस्ताव नं.१२: विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विश्वबैंकको परियोजना छनौट सम्बन्धमा ।
प्रस्ताव नं.१४: कृयापुत्री भवन सञ्चालन सम्बन्धी समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.१५: कार्यालय प्रयोजनको लागि बालकल्याण समितिको भवन मर्मत सम्भार सम्बन्धमा ।
प्रस्ताव नं.१६: समपुरक अनुदानका आयोजनाको प्रस्ताव स्वीकृतिका लागि पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१७: विशेष अनुदानका आयोजनाको प्रस्ताव स्वीकृतिका लागि पठाउने सम्बन्धमा ।
प्रस्ताव नं.१८: वडा नं.१ को वडा कार्यालयको घर भाडा सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.१९: तेस्रो व्यास नगर अल्ट्रा म्याराथन प्रतियोगिता मुल समिति गठन र पुरस्कार सम्बन्धमा ।
प्रस्ताव नं.२०: शिक्षक काज सरुवा सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा आगामी २०७६ माघ २४ र २५ गते हुने यस नगरपालिकाको ३२ औं नगर सभामा राजश्व समिति लगायत आ-आफ्नो समितिका क्षेत्राधिकार भित्रका काम, कर्तव्य र अधिकार बमोजिम हालसम्मको प्रगति विवरण र आगामी अवधिको लागि निर्णय पेश गर्न आवश्यक प्रस्तावहरु तयार गरी माघ ५ गते भित्र प्रतिवेदन पेश गर्न सम्पूर्ण विषयगत समितिहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै शाखागत प्रगति विवरण र प्रस्तावहरु तयार गरी पेश गर्न सम्पूर्ण शाखा, उपशाखाहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०७६/०७७ को हालसम्मको आयव्यय एवं वडागत योजना कार्यान्वयनको प्रगति विवरणका सम्बन्धमा बृहत रुपमा छलफल गरियो । हालसम्मको अवधिमा हासिल प्रगति अपेक्षाकृत रुपमा उत्साहजनक हुन नसक्नुका तथ्यगत कारणहरुमा सुधार गरी विशेष गरी आन्तरिक आयको असुली र योजना कार्यान्वयनको पक्षलाई सवल तुल्याउन सम्पूर्ण विषयगत समिति तथा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६/०७७ का लागि कृषि विकास तथा पशु विकासतर्फ विनियोजित रकमबाट प्रदान गरिने अनुदानको लागि यस कार्यालयबाट प्रकाशित प्रस्ताव सहितको आवेदन माग सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका पशुपालन तथा कृषिजन्य उत्पादनमा आवद्ध कृषकहरुको व्यवसायको अवस्था अनुगमन गरी अनुदान वितरण गर्ने कार्यका लागि कृषि तथा सहकारी विकास समितिलाई यथासमय भित्र अनुदान वितरणका लागि योग्य लाभग्राहीहरुको नामावली छनौट गरी आगामी बैठकमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा हाल यस नगरपालिकाको मुख्य शहरी क्षेत्रका रुपमा रहेको वडा नं.२, ३ र ४ मा अवस्थित सम्पूर्ण घरधुरीहरुमा घरदैलो मै पुगी घर वहाल सम्बन्धी लगत संकलन गरी एक महिना भित्र सोको विवरण पेश गर्न राजश्व उपशाखा प्रमुख शाखा अधिकृत श्री कृष्णराज

घिमिरेको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो । प्राप्त विवरणका आधारमा यसै आर्थिक वर्षबाट अनिवार्य रुपमा घर वहाल कर असुली प्रकृया अगाडि बढाउने समेत निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | संयोजक | शाखा अधिकृत श्री कृष्णराज घिमिरे |
| २. | सदस्य | समुदाय परिचालक अधिकृत श्री पम्फा बस्नेत |
| ३. | ,, | ना.सु. श्री दुर्गाप्रसाद पौडेल |
| ४. | ,, | ना.सु. श्री अर्जुनकुमार श्रेष्ठ |
| ५. | सहायक कर्मचारी | कम्प्युटर अप्रेटर श्री आशिष श्रेष्ठ |

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास ११ मा सञ्चालित Aglime & Minerals Pvt. Ltd. नामक कृषि चुन उद्योगका कारण स्थानीय पर्यावरणमा प्रतिकुल प्रभाव पर्न गएको भनी आएको जनगुनासोका सम्बन्धमा अनुगमन गर्न कार्यपालिकाको मिति २०७६/०९/०७ गते वडाध्यक्ष श्री निरबहादुर खड्काको संयोजकत्वमा गठित समितिले पेश गरेको अनुगमन प्रतिवेदन सम्बन्धमा बृहत रुपमा छलफल गरियो । प्रतिवेदनमा सुधार गर्नुपर्ने भनी निर्दिष्ट गरिएका निश्कर्ष बमोजिम सम्बन्धित उद्योगले सुधार गर्नुपर्ने पक्षहरु सुधारका लागि सम्बन्धित निकायमा लेखी पठाइएको र उल्लेखित उद्योगले उद्योग स्थापना गर्दाका बखत निर्माण गरेको भौतिक संरचनाको नक्सापास नभएको हुँदा ७ (सात) दिनको म्याद दिई नक्सापास प्रक्रियामा आउन पत्राचार गर्ने र तोकिएको हदम्याद भित्र पनि नक्सापास प्रक्रियामा नआएमा नियमानुसार कारवाही अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा कार्यपालिकाको मिति २०७६/०८/२२ गते उप-प्रमुख श्री मिरा जोशीको संयोजकत्वमा गठन गरिएको प्राकृतिक स्रोत साधन उत्खनन् अनुगमन समितिले पेश गरेको अनुगमन प्रतिवेदन उपर बृहत रुपमा छलफल गरियो । प्रतिवेदनमा औंल्याइएका विषयहरुमा सुधारका लागि सो प्रतिवेदन कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका अन्तर्गत विभिन्न स्वास्थ्य संस्थाहरुको लागि अत्यावश्यक औषधी तथा सर्जिकल सामानहरु खरिद गर्ने सम्बन्धमा मिति २०७६।८।१८ गते प्रकाशित सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न ७ (सात) वटा फर्म वा कम्पनीका सिलबन्दी दरभाउपत्रहरु मध्ये श्री चिराग फार्मेसी रानीपौवा पोखराले ७२.२२ प्रतिशत घटी अर्थात् रु.४,३०,४९८।७७ (मु.अ.कर बाहेक) अंक कवोल गरी दर्ता गराएको न्यूनतम मूल्यांकित दरभाउपत्र सारभूत रुपमा प्रभावग्राही देखिएको भनी मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भइआएको हुँदा उक्त दरभाउपत्र स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा कर असुली प्रणालीलाई थप पारदर्शी एवं कम जोखिमपूर्ण गराउन सेवाग्राहीले यस कार्यालयमा नै उपस्थित भई तिर्नुपर्ने सम्पूर्ण करहरु बैंकिङ्ग प्रणालीबाट तिर्ने व्यवस्था मिलाउन यसै कार्यालयको राजश्व उपशाखा सँगै नगरपालिका कै भवनमा रहेको सिद्धार्थ बैंकमा खाता खोली कर असुलीको आवश्यक व्यवस्था मिलाउने साथै यस नगरपालिकाका विभिन्न विषयसँग सम्बन्धित कोष खाताहरु पनि नियमानुसार सिद्धार्थ बैंक दमौली शाखामा नै खोल्ने गरी आवश्यक व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा रहेको वारुणयन्त्रका चालक श्री चन्द्रबहादुर श्रेष्ठको मिति २०७६/०९/२० गतेदेखि अनिवार्य अवकाश भएको र वारुणयन्त्र सञ्चालनको लागि वैकल्पिक जनशक्तिको व्यवस्था नहुँदासम्मको लागि सेवा निवृत्त चालक श्री चन्द्रबहादुर श्रेष्ठलाई नै मासिक रू.२६,०००। (छब्बीस हजार रुपैंयाँ) पारिश्रमिक र सार्वजनिक बिदा तथा अन्य बिदा र कार्यालय समय अतिरिक्त सेवा गरे वापत मासिक थप रू.२,०००। (दुई हजार रुपैंयाँ) अतिरिक्त भत्ता प्रदान गर्ने गरी करार सेवामा राखी वारुणयन्त्र सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.३ देउराली नगर स्थित श्री शिवपाञ्चायन माध्यमिक विद्यालयको व्यवस्थापन समितिबाट सर्वसम्मत रुपमा सिफारिस भई

आएअनुसार सो विद्यालयका नि.मा.वि. द्वितीय तहका शिक्षक श्री वलराम वाग्लेलाई प्रधानाध्यापक नियुक्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा प्रदान गरिने विद्यार्थी दिवा खाजा वापतको रकम (सम्बन्धित विद्यालय) चौमासिक रुपमा निकासा दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्य प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क. सं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | व्याड्मिन्टन प्रतियोगिता कार्यक्रम | ३ | ५०,०००। | खेलकूद |
| २. | रिपोटर्स् क्लब कार्यक्रम सहयोग | ३ | २०,०००। | संचार |
| ३. | परिवार सेवा समाज कार्यक्रम सहयोग | | ३०,०००। | दलित उत्थान |
| ४. | बाल उद्यान सुधार एवं मर्मत | ३ | १५०,०००। | ४.१.१६ |
| ५. | परिवार समाजका लागि पञ्चेवाजा खरिद | ७ | ४०,०००। | दलित उत्थान |
| ६. | श्रमिक तालिम कार्यक्रम संचालन | १ | २०,०००। | लक्षित कार्यक्रम |
| ७. | लागू औषध विरुद्ध अभियान कार्यक्रम संचालन | ११ | १५,०००। | लक्षित कार्यक्रम |
| ८. | बुल्दी खोला र भोटे खोला बीचको सार्वजनिक जग्गा संरक्षण | ११ | ९०,०००। | पुंजीगत ५.१ |

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा विश्व बैंकको परियोजनामा वडा नं.१२ को छिर्कन, कुलुङ वडा कार्यालय, छाब्दी, वडा नं.१४ को कुलुङ, केशवटार मार्गलाई समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ व्यास गुफा क्षेत्रमा नगरपालिका समेतको सहभागितामा निर्मित क्रियापुत्री भवन सञ्चालन सम्बन्धमा सम्बन्धित निर्देशिका अनुसार निम्नानुसार समिति गठन गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| १. | संयोजक | वडा अध्यक्ष श्री प्रेमकुमार श्रेष्ठ (वडा नं.३) |
| २. | सदस्य | टोल अध्यक्ष श्री गणेशबहादुर कुँवर (वडा नं.२) |
| ३. | ,, | समाजसेवी श्री कृष्ण सुनार (वडा नं.२) |
| ४. | ,, | समाजसेवी श्री सन्तलाल श्रेष्ठ (वडा नं.२) |
| ५. | ,, | टोल अध्यक्ष श्री ओमबहादुर थापा (वडा नं.३) |
| ६. | ,, | समाजसेवी श्री रञ्जनलाल श्रेष्ठ (वडा नं.३) |
| ७. | ,, | समाजसेवी श्री सुदिप काफ्ले (वडा नं.३) |
| ८. | ,, | टोल अध्यक्ष श्री सालिग्राम गिरी (वडा नं.४) |
| ९. | ,, | समाजसेवी श्री हरिचन्द्र कार्की (वडा नं.४) |
| १०. | ,, | समाजसेवी श्री कृष्णराज वाग्ले (वडा नं.४) |
| ११. | ,, न.पा. मनोनित | श्री उपेन्द्र लम्साल (वडा नं.३) |
| १२. | ,, ,, ,, | श्री रविन पौडेल (वडा नं.३) |
| १३. | ,, ,, ,, | श्री नारायणी अधिकारी (वडा नं.४) |
| १४. | ,, ,, ,, | श्री देवी रानाभाट (वडा नं.३) |
| १५. | ,, ,, ,, | श्री इन्दिरा पण्डित (वडा नं.२) |

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा हस्तान्तरण भई आएको जिल्ला बालकल्याण समिति तनहुँको भवन कार्यालयको आवास प्रयोजनको लागि उपयोग गर्न प्रारम्भिक चरणमा भवनको बाहिरी संरचनाहरु मर्मत सम्भार एवं पुन: निर्माण गर्ने कार्यका लागि प्राविधिकद्वारा तयार भई आएको रु.४,९९,८३७ (चार लाख उनान्सय हजार आठ सय सैतीस रुपैयाँ मात्र) लागत अनुमान स्वीकृत गरी मर्मत कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा संघीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगको सूचना अनुसार समपुरक अनुदानमा आधारित अनुदान कार्यक्रमबाट सम्पन्न गर्ने गरी प्राथमिकताको आधारमा देहाय बमोजिमका कार्यक्रमहरु छनौट गरी स्वीकृतिका लागि प्रस्ताव पठाउने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | वडा | लागत अनुमान |
|---|---|---|---|
| १ | पुलिमराङ सहिद पार्क | ८ | ८,८९,२०,९९५।५२ |
| २ | चिन्तुटार रंगशाला निर्माण | ५ | ७,०२,६५,८५१।३० |
| ३ | दमौली सेन्ट्रल पार्क निर्माण | ३ | २,४५,२०,९७६।०० |
| ४ | दुम्सीचौर स्थित नारेश्वर ताल पार्क निर्माण | १० | ५,९२,३५,८४५।८० |
| ५ | वि.पि. बहुउद्देश्यीय खेल मैदान निर्माण | ३ | २१,३८,७३,०२०।४८ |
| ६ | छिर्कन केशवटार सडक (चेनेज ० + ००० - ३ + १५०) | १२,१३,१४ | १०,००,००,०००।०० |
| ७ | वडा कार्यालय भवन निर्माण | १ | १,२०,००,०००।०० |
| ८ | कालिका मार्ग (चेनेज ० + ००० - ३ + ०००) | ७ र ८ | १०,००,००,०००।०० |

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा संघीय सरकार अन्तर्गत राष्ट्रिय योजना आयोगको सूचना अनुसार विशेष अनुदानमा आधारित अनुदान कार्यक्रमबाट सम्पन्न गर्ने गरी प्राथमिकताको आधारमा देहाय बमोजिमका कार्यक्रमहरु छनौट गरी स्वीकृतिका लागि प्रस्ताव पठाउने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | वडा | लागत अनुमान |
|---|---|---|---|
| १ | केमेरेपानी साँध खोला खानेपानी आयोजना | १३ | २,०७,०९,५८८।३६ |
| २ | चिसापानी देवीडाँडा लिफ्ट खानेपानी आयोजना | १० | ३,०२,२६,३०६।६६ |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.१ को वडा कार्यालय सञ्चालन भइरहेको श्री चिजाकुमारी अधिकारीको घरको थप १ कोठा समेत भाडामा लिई कार्यालय सञ्चालन गर्ने व्यवस्था मिलाउनका लागि घर भाडा वापत साविकमा भुक्तानी गर्दै आइएको मासिक भाडामा रु.२०००। थप गरी एकमुष्ठ रु.१०,०००। (सम्पूर्ण कर सहित) मासिक भाडा दर कायम घर भाडा सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा आगामी माघ १६ गते राष्ट्रिय सहिद दिवसको अवसरमा हुन गइरहेको तेस्रो व्यास नगर अल्ट्रा म्याराथन-२०७६ प्रतियोगितालाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा सम्पूर्ण वडाका अध्यक्षहरु, सम्पूर्ण कार्यकारीणी सदस्यहरु, सम्पूर्ण वडाका वडा सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण शाखाका शाखा प्रमुख लगायत सम्बद्ध खेलप्रेमीहरु समेत सदस्य रहने गरी १०१ सदस्यीय एक आयोजक मुल समारोह समिति गठन गर्ने निर्णय गरियो । साथै उक्त प्रतियोगिताको विजेता तथा उपविजेताहरुलाई देहाय बमोजिमको नगद पुरस्कार प्रदान गर्ने समेत निर्णय गरियो ।

(क) प्रथम पुरस्कार रु.८१,०७६। (एकासी हजार छहत्तर रुपैयाँ) कर वाहेक

(ख) द्वितीय पुरस्कार रु.६१,०७६। (एकसठ्ठी हजार छहत्तर रुपैयाँ) कर वाहेक

(ग) तृतीय पुरस्कार रु.५१,०७६। (एकाउन्न हजार छहत्तर रुपैयाँ) कर वाहेक

(घ) ५ जनालाई जनही रु.१६,०७६। (सोह्र हजार छहत्तर रुपैयाँ) का दरले सान्त्वना पुरस्कार कर वाहेक

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा व्यास ९ स्थित बसाहस्थान मा.वि.मा कार्यरत मा.वि. गणित दरबन्दीको शिक्षक श्री गौरादेवी भट्टराई अधिकारीलाई वसाहस्थान मा.वि. मै दरबन्दी कायम हुने गरी हाल व्यास ९ माहेन्द्री मा.वि. झिनुवाटारमा काज सरुवा गर्ने निर्णय गरियो ।